पोखरा उपत्यका साइडसिन घुम्न जाउँ

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ४ गते सोमबार ❑ 17 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## चिनियाँ पर्यटकलाई पोखरामा विभिन्न प्याकेज सहित छुट हुने

### मङ्गलबारदेखि पोखरा–छेन्दु नियमित उडान

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

चिनबाट सिधै पोखरा आउने चिनियाँ पर्यटकहरुको लागि पोखरामा विभिन्न छुट सहितका प्याकेज कार्यक्रम तयार पारिएको छ।

यही चैत ५ गते चिनको सिचुवान प्रान्तको छेन्दु शहर देखि १ सय २७ जना चिनियाँ पर्यटक लियर सिचुवानको एअरलाइन्स पोखरा आउने भएसंगै पोखरामा ७ रात ८ दिनको विभिन्न प्याकेज कार्यक्रम तयार पारिएको पोखरा पर्यटन परिषदका महासचिव जीवनराज सापकोटाले बताउनु भयो । पोखरामा व्यवसायीक चार्टर्ड फ्लाईटमा आउने पर्यटकहरुको लागि न्यूनतम १० देखि २५ प्रतिशतसम्म छुटको व्यबस्था गरिएको उहाँले जनाउनु भयो। पोखरा क्षेत्रका पर्यटकीय स्तरका होटल आवासमा चिनियाँ पर्यटकहरुलाई २० प्रतिशत छुटको व्यबस्था गरिएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो।

त्यसैगरी पोखरा आउने पर्यटकहरुको लागि नाट्टा गण्डकीले बिषेश छुटमा प्याकेजमा पोखरा क्षेत्र, पोखरा हुदै लुम्बिनी, पोखरा देखि सौराह र पोखरा देखि विभिन्न पदमार्गमा लैजाने गरी तयारी गरेको छ । पहिलो चरणमा आफुहरुले १० प्रतिशत छुटमा प्याकेज तयार पारी चिनियाँ पर्यटकहरुको लागि प्रस्ताव पठाएको नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले बताउनु भयो । चिनका विभिन्न शहर हरुमा पोखरा क्षेत्रको प्रमोशन गर्न बी टु बी लगायतका विभिन्न छलफल र तथा भेटघाट गर्दै चिनियाँ पर्यटकहरुलाई पोखरामा घुम्न आउनको लागि निम्तो दिने भएको उहाँले बताउनु भयो । पोखरा भ्रमणमा आउने चिनियाा पर्यटकहरुको लागि ७ रात ८ दिनको प्याकेज समेत तयार पारिएको नाट्टाले जनाएको छ । विभिन्न ट्रेकिङ रुटमा जाने पर्यटकहरुको लागि टान गण्डकीले समेत सहुलियतमा प्याकेज तयार पारेको छ।

सिचुवानको विमान मार्फत पोखरामा ३ महिने चार्टर्ड फ्लाइट गर्न लागिएको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो। उक्त अभियानलाई सफल पार्न सबैको साथ आवश्यक भएको उहाँले जनाउनु भयो।

पोखरामा प्याराग्लाईडिङ उडानमा १० प्रतिशत छुट हुने भएको छ। चिनियाँ पर्यटक सहित पोखरा भ्रमण बर्षको अवसरमा साहसिक खेल प्याराग्लाईडिङ उडानमा १० प्रतिशत छुटको व्यबस्था गरिएको हवाई खेलकुद संस्था नाका अध्यक्ष अनिल केसीले बताउनु भयो । ८ हजार ५ सयको प्याकेज हाल सिधै कम्पनीहरुमा जादा छुट सहित ७ हजार ५ सयमा उपलब्ध हुने उहाँले जनाउनु भयो।

यसैगरी नेपाल–चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको अवसरमा चीनको छेन्दुबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा नियमित व्यावसायिक चार्टर उडान हुने भएको छ। सिचुआन प्रान्तको सहयोगमा सिचुआन एयरलाइन्सले मङ्गलबारदेखि पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा पहिलो पटक नियमित व्यावसायिक चार्टर उडान गर्ने भएको हो । यस उडानले नेपाल र चीनबीचको हवाई सम्पर्कलाई अझ प्रभावकारी बनाउँदै पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदान–प्रदान र व्यावसायिक सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने नेपाल पर्यटन बोर्डको विश्वास छ।

"पोखरा–छेन्दु उडानले मध्य र पश्चिम नेपालका यात्रुका लागि कम खर्चमा हवाई सेवामा सहज पहुँचका साथै चिनियाँ पर्यटकलाई सुन्दर सहर पोखराको अवलोकनको अवसर प्रदान गर्नेछ", बोर्डले आज जारी गरेको विज्ञप्तिमा भनिएको छ,"हवाई सम्पर्कले चीन सरकारले घोषणा गरेको 'भिजिट नेपाल २०२५' र नेपाल सरकारले घोषणा गरेको 'पोखरा पर्यटन वर्ष' अभियानलाई टेवा पुर्‍याउँदै नेपालमा अन्तरराष्ट्रिय पर्यटकको आगमन वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।" छेन्दुबाट पोखरा हुने व्यावसायिक चार्टर उडानमा नेपाली प्रतिनिधिमण्डल 'पोखरा–छेन्दु फ्लाइट प्रमोसन एण्ड चाइना (सिचुआन) सेल्स मिसन २०२५'का लागि जानेछ। नेपाली प्रतिनिधिमण्डलको टोलीले छेन्दु, लुझाउ, लेसानलगायत चिनियाँ सहरमा हुने विभिन्न सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिमण्डलसँग व्यावसायिक बैठकमा सहभागिता जनाउने छ।

"यी प्रयासले नेपाललाई प्रमुख पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्नाका साथै दुवै देशका पर्यटन क्षेत्रमा सहकार्यलाई सुदृढ बनाउन भूमिका खेल्नेछ", बोर्डले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । बोर्डले यस ऐतिहासिक पहललाई सफल बनाउन सहयोग गर्ने सिचुआन एयरलाइन्स, सिचुआन प्रान्तीय सरकार, पोखरा पर्यटन परिषद् र सबै सरोकार भएकाहरूप्रति आभार व्यक्त गरेको छ । साथै यस कार्यले सांस्कृतिक आदान–प्रदानलाई अझ सघन बनाउनुका साथै नेपाललाई अन्तरराष्ट्रिय पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न थप सहयोग हुने बोर्डले अपेक्षा गरेको छ।

## राष्ट्रपतिद्वारा चार विधेयक प्रमाणीकरण

**रासस**
काठमाडौं, ३ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को दुवै सदनका बैठकबाट पारित भएका विभिन्न चार विधेयक प्रमाणीकरण गर्नुभएको छ।

नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम राष्ट्रपति पौडेलले 'सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, विद्युतीय व्यापार (ई-कमर्स)को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक' आइतबार प्रमाणीकरण गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

## साहारा फर्टिलिटिले १० वर्षमा १ हजार जोडीलाई सन्तान दिन सफल

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत




पोखराको प्रस्याङमा रहेको निसन्तान दम्पतीको लागि सन्तान दिने साहारा इन्टरनेशनल फर्टीलिटि सेन्टरले १० बर्षको अवधिमा ३ हजार ५ सय दम्पतीलाई सेवा प्रदान गर्दै,१ हजार दम्पतीलाई सन्तान दिन सफल भएको छ।

फर्टीलिटि स्थापनाको १० बर्ष पुरा भएको अवसरमा शनिवार पोखरामा आयोजना गरिएको बार्षिक उत्सव कार्यक्रम मार्फत फर्टीलिटिका अध्यक्ष एबम सञ्चालक डाक्टर गिरधारी शर्माले उक्त कुरा बताएका हुन। स्थापनाकालमा चुनौति बढि भएको बताउदै शर्माले अहिले संस्था प्रति जनताको विश्वास बढेको र निशन्तान दम्पतीको लागि सपना सकार पार्ने थलो रहको उल्लेख गरे । फर्टीलिटि नेपाल सोसाइटिका अध्यक्ष डाक्टर भोला रिजालले ४० बर्षदेखि निःशन्तानको सेवामा लागेको बताए। उनले समाजमा अहिले पनि निःशन्तान हुनुमा महिलालाई बढि दोष लाग्ने गरेको बताउदै अहिले भने आईभिएफ सेन्टरले त्यो अवस्था चिर्न सफल भएको जनाए।

गण्डकी प्रदेश मुख्यमन्त्री कार्यलयका प्रमुख सचिव रघुराम बिष्टले पोखरा शहर स्वास्थ्य क्षेत्रको हव भएको बताए । उनले यस्ता सस्था स्थापनाले सन्तानको चाहाना राख्ने निःशन्तान दम्तीको लागि महत्वपूर्ण भूमिका खेल्ने बताए।

पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति डाक्टर बुद्धिबहादुर थापाले पोखरामा अस्पताल स्थापनको इतिहास बताउदै समिति स्रोत साधन हुदा पनि स्वास्थ्य सेवा प्रदान गरिएको बताए । उनले अहिले भने पोखरामा अत्याधुनिक सेवा प्रदान गर्ने ल्याव सहितका अस्पताल रहेको बताउदै निसन्तान दम्पतीको लागि सन्तान दिएर फर्टीलिटिले स्वास्थ्यको क्षेत्रमा ठुलो योगदान पुऱ्याएको उल्लेख गरे।

कार्यक्रममा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान डाक्टर भरत बहादुर खत्री, समाजसेवि तथा उद्योगि डोल राज शर्मा, अफिन गण्डकीका अध्यक्षय कपिल पोख्रेल, डाक्टर मदन खड्का लगाएले बोलेका थिए भने, कार्यक्रममा स्वास्थ्य क्षेत्रका चिकित्सकहरु उल्लेख सहभागिता रहेको थियो।

## गण्डकी प्रदेश आख्यान महोत्सव, दश जिल्लाका साहित्यकारको जमघट

**पोखरापत्र संवाददाता**
दमौली, ३ चैत

नेपाल प्रज्ञा–प्रतिष्ठान साहित्य गद्य विभागको आयोजना र गीतल प्रतिष्ठान तथा नाटकमञ्च तनहुँको सहआयोजनामा शनिबार दमौलीमा गण्डकी प्रदेश आख्यान महोत्सव गरिएको छ।

महोत्सवमा गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङ जिल्ला बाहेक १० जिल्लाका आख्यानविधासँग सम्बन्धित साहित्यकारहरूको प्रतिनिधित्व रहेको थियो।

नेपाल प्रज्ञा प्रतिष्ठान आख्यान विभाग प्रमुख अमर न्यौपानेको अध्यक्षतामा




आयोजित महोत्सवमा गण्डकी प्रदेशको आख्यान, आख्यानको आविष्कार, नलेखिएका कथा, पाँच कथाकारका पाँचकथा र ' मर्यादा' नामक नाटक प्रस्तुत गरिएको थियो । महोत्सवमा डा षणानन्द पौडेलले गण्डकी प्रदेशको आख्यानको इतिहासको बारेमा प्रवचन दिनुभएको थियो भने उक्त प्रवचनमाथि व्यास अध्येता काशीनाथ न्यौपाने, साहित्यकार अम्बिका भट्टराईलगायतले टिप्पणी गर्नुभएको थियो । महोत्सवको दोस्रो चरणमा 'आख्यानको आविष्कार' विषयक बहस गरिएको थियो। बहस कार्यक्रमको सहजीकरण प्राध्यापक डा अशोक थापाले गर्नुभएको थियो । उक्त बहसमा सहभागी साहित्यकारहरू अमर न्यौपाने, प्रभा बराल, गनेशपौडेल, बन्धुराज अधिकारीले आख्यान के हो र यसभित्र के के पर्दछन् ? कस्तो आख्यान लेख्ने ? आख्यानको सैद्धान्तिकस्वरूप र परम्परा लगायतको विषयमा आफ्नो धारणा राख्नुभएको थियो । प्राध्यापक डा अशोक थापाले नै सहजीकरण गर्नुभएको तेस्रो चरणको 'नलेखिएका कथा' विषय कार्यक्रममा साहित्यकार रूपेन्द्र प्रभावी कटु, अञ्जना पौडेल, नारायण मरासिनी, विद्या ढकालले समाजमा नलेखिएका कथाहरूको विषय औंल्याउनुभएको थियो । चौंथो चरणको 'पाँच कथाकारका पाँच कथा' वाचन कार्यक्रममा साहित्यकारहरू रमेशचन्द्र घिमिरे, देवीबहादुर बस्नेत, अजयमिलन श्रेष्ठ, टुकादेवी आचार्य, भीम रानाभाटले हाउभाउसहित कथा वाचन गर्नुभएको थियो । साहित्यकारले प्रस्तुत गरेका कथामाथि मुस्ताङका साहित्यकार बसन्त शेरचन

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं।**

◆सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
◆डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
◆वन क्षेत्रमा आगो नबालौं,
◆सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
◆चुरोट्, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
◆डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
◆डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाओं,
◆बन संरक्षणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा कप राष्ट्रिय पुरुष ह्याण्डबल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

प्रथम पोखरा कप राष्ट्रिय पुरूष ह्याण्डबल प्रतियोगिता सुरु भएको छ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन तथा कास्की जिल्ला ह्याण्डबल संघको प्राविधिक सहयोगमा आइतबारदेखि राष्ट्रिय ह्यान्डबल प्रतियोगिता सुरु भएको हो।

प्रतियोगिताको पहिलो दिन घरेलु टोलि गण्डकीले दुई खेलमा जित निकाल्दै सेमीफाइनलमा प्रवेश गरेको छ । गण्डकीले सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशलाई हराउँदै अन्तिम चारको यात्रा सुरु गरेको हो । प्रतियोगिताको पहिलो दिन कुल चार खेल सम्पन्न भए । पहिलो खेलमा गण्डकीले सुदुरपश्चिमलाई ३५-१७ गोलले पाखा लगायो । गण्डकीका लागि पवन छन्त्याललले सर्वाधिक ११ गोल गरे । यस्तै सुदुरपश्चिमका लागि सरोजकुमार सिंहले ६ गोल गरे। दोस्रो खेलमा



एपिएफले लुम्बिनीमाथि ३०-९ को फराकिलो जित निकाल्यो।

एपिएफका लागि नितेश धिमालले ५ गोल गरे भने लम्बिनीका लागि मनोज थारुले ५ गोल गरे। तेस्रो खेलमा गण्डकीले कर्णालीलाई ४२-१६ को अन्तरले पाखा लगायो। गण्डकीका लागि प्रलेश गुरुङले १२ गोल गरे । यो जितसंगै गण्डकी एक खेल अघि नै सेमीफाइनलमा प्रवेश गरेको हो । यस्तै चौथो खेलमा कोशीले सुदुरपश्चिमलाई २२-१९ ले हरायो । प्रतियोगिताको उद्घाटन गर्दै प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले देशलाई चिनाउने काम खेलाडीमात्रै गर्दै आइरहेको र गण्डकी प्रदेशमा खेलकुदमा विषयमा केहि नवितम योजनाहरु अघि सारिएको सुनाए । उनले खेलाडी विमा, खेलकुदमा पदक लगायत विषयमा कार्यविधि बनाइ खेलाडी तथा खेलकर्मीको सम्मान गर्ने उदेश्यका साथ अघि बढेको सुनाए। उनले राज्यले खेलकुदमा बजेट विनियोजन निकै न्युन गर्दा खेलाडीको विकास हुन नसकेको बताए।

दक्षिण एसियाली ह्यान्डबल संघका उपाध्यक्ष तेज गुरुङले अब विस्तारै ह्यान्डबलका गतिविधिहरु अघि बढ्ने सुनाए। उनले विविध कारणले अहिलेसम्म नेपालमा ह्यान्डबलको गतिविधि हुन नसकेपनि अब भने त्यसको अन्त्य हुने बताए। प्रतियोगितामा आयोजक गण्डकीसहित कोशी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुर पश्चिम प्रदेश र दुई विभागिय टोली त्रिभुवन आर्मी क्लब र एपिएफ क्लबको सहभागिता रहेको छ । लिग कम नकआउटका आधारमा प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगिताको उपाधि बिजेता टिमले नगद रु १ लाख, उपविजेताले नगद ५० हजार र तेस्रो हुने टिमले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यस्तै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई नगद ५-५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने ह्याण्डबल संघ गण्डकीका उपाध्यक्ष गिरमान गुरूङले जानकारी दिए। प्रतियोगिता सम्पन्न गर्न करिव १४ लाख खर्च हुने गण्डकी प्रदेश ह्याण्डबल संघले जनाएको छ।

# सहारा यु.के.का संस्थापक अध्यक्ष गुरुङद्वारा सहयोग हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

सहारा क्लब यु.के.का संस्थापक अध्यक्ष नविन गुरुङले पोखरा ९ बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा सहयोग हस्तान्तरण गरेका छन्।

विद्यालयका प्रधानाध्यापक लोचना अधिकारीले स्वागतका क्रममा विद्यालयको स्थापना, सहारा क्लब संगको सहकार्य हुदै १७ वर्ष अघि निवन गुरुङ सहित सिमोन फेरेजको स्मृतीहरूबारे स्मरण गरिन् । विद्यालयका प्रधानाध्यापक लोचना अधिकारी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकालिलाई उक्त क्रममा आफ्नो ९१ वर्षिय आमा कमला देवी गुरुङ र वहिनी सुजिता शाहीद्वारा प्रदान गरिएको नगद रकम रू.२१,०००/-(एक्काइस हजार रूपैया) गुरूङले हस्तान्तरण गरेका हुन्। १७ वर्ष अगाडी विद्यालयमा आउदा र वर्तमान अवस्थामा



विद्यालयमा देखेको परिवर्तनप्रति खुशी व्यक्त गर्दै विद्यालयमा आगमी दिनहरुमा पनि विद्यालयमा सहकार्य गर्न उत्सुक रहेको धारणा राख्दै सहयोगी दाताहरुलाई पनि सहयगोका लागी आपिल गरे।

उक्त क्रममा पोखरा मनपा वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले विदेशमा वसोवास गरेर पनि आफ्नो देशप्रति स्नेह, मया प्रदान गर्नुहुने दाता नविन गुरुङ र उहाँको परिवारलाई धन्यवाद व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिक्रम थकालीले नविन गुरुङले सहारा क्लब यु.के.को स्थापनामा गर्नुभएको पहल, सहारा एकेडेमी स्थापनामा पुर्याउनुभएको योगदानहरुलाई स्मरण गर्दै आज आफूले नेतृत्व गरेको विद्यालयलाई माया गरेर सहयोग प्रदान गर्नुहुने गुरुङ परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गरे । उक्त कार्यक्रममा डा.मनेन गोर्खाली, शिक्षक सुदिप कोइरालाको पनि उपस्थीती रहेको थियो।

# नेकोस कपको उपाधि गन्नी फुटबल क्लबलाई, डोरीतानमा सूर्य तारा प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

दोस्रो संस्करणको सूर्य तारा खेल महोत्सव २०८१ अन्तरगत नेकोस कप फुटबल प्रतियोगिताको उपाधि गन्नी फुटबल क्लबले जितेको छ।

शनिबार भएको फाइनल प्रतिष्पर्धामा आयोजक सूर्य तारा क्लबलाई ३-० गोल अन्तरले पराजित गर्दै गन्नीले उपाधि जितेको हो । उपाधि विजेता गन्नीले ४ लाख ४ हजार ४ सय ४४ रुपैयाँ सहित सिल्ड मेडल र प्रमाणपत्र हात पाऱ्यो ।

उपविजेता बनेको सूर्य ताराले २ लाख २ हजार २ सय २२ रुपैयाँ सहित सिल्ड मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । प्रतियोगितामा सूर्य ताराका राजेश राईले वेस्ट प्लेयर बन्दै १५ हजार सहित ट्रफी मेडल र प्रमाणपत्र हात पार्न सफल भए। फुटबल प्रतियोगितामा १० टिमको सहभागिता रहेको थियो । खेल महोत्सव अन्तरगतको राष्ट्रिय खुला महिला डोरीतान प्रतियोगिताको उपाधि भने आयोजक सूर्य तारा क्लबले हात पारेको छ। फाइनलमा दिदी बहिनी आमा समुहलाई पराजित गर्दै सूर्य तारा प्रथम भएको हो । प्रथम भएको सूर्य ताराले ३३ हजार ३ सय ३३ र द्वितीय हुने दिदी बहिनी आमा समुहले २२ हजार २ सय २२ रुपैयाँ सहित मेडल र प्रमाणपत्र हात पारे ।कुल १४ टिमले सहभागिता जनाएको यो प्रतियोगितामा लालिगुराँस आमा समुह पोखरा ३० तृतीय बन्यो । बाग्लुङ समाज पोखरा २९ लाई पराजित गर्दै तेस्रो बनेको लालीगुँर ासले ११ हजार १ सय ११ रुपैयाँ सहित मेडल र प्रमाणपत्र हात पाऱ्यो।

खेल महोत्सवमा खुला महिला 'स्लो' स्कुटर रेस प्रतियोगिता, खुला सामूहिक लोक नृत्य प्रतियोगिता, खुला टेबलटेनिस प्रतियोगिता, एथ्लेटिक्स प्रतियोगिता र जातीय सङ्घसंस्था स्तरीय झाँकी प्रदर्शनी प्रतियोगिता समेत समावेश गरिएको थियो। समापन समारोहमा बोल्दै नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधि



मन्त्री पृथ्वीसुब्बा गुरुङले गण्डकी प्रदेश खेलकुदका पूर्वाधारको विकासमा पछाडि पर्दै गएको अनुभुति भैरहेको बताए। उनले पोखरामा अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माण गर्नका लागि लागिरहेको उल्लेख गरे । सेती घाटको १ सय ६० रोपनी जग्गा प्रदेश सरकारको नाममा ल्याइसकेको र अन्य विभिन्न ठाउँमा गरेर १४ सय रोपनी भन्दा बढी जग्गा प्राप्त गरे पनि पूर्वाधार निर्माणमा प्रगति गर्न नसकिएको उनले स्विकारे । उनले पोखरा खेलकुदको राजधानी हुन सक्ने औँल्याए। त्यतिमात्र नभएर पोखरा आईटी, शिक्षा तथा स्वास्थ्यको समेत राजधानी हुन सक्ने भनाइ उनको थियो । गण्डकी प्रदेशको विकासको लागि पोखरालाई केन्द्र मानेर विश्वविद्यालय, अस्पताल र खेल पूर्वाधार निर्माण गर्ने दायित्व सबैको रहेको गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री समेत रहेका गुरुङले औँल्याए। वर्तमान सरकारले यहाँ भैरहेको विकृति विसङ्गतिलाई रोक्दै जनतामा छाएको निराशा तथा युवामा देखिएको सरकार प्रति अविश्वासलाई चिर्नेगरी काम गरिरहेको दावी गरे।

छिटो छिटो सरकार फेरिने र स्रोतको सुनिश्चितता बिना नै नयाँ योजना राख्दा समस्या देखिएकोले त्यसलाई अन्त्य गर्नेगरी वर्तमान सरकारले काम गरिरहेको बताए । यसपालि स्रोतको सुनिश्चितता अर्थ मन्त्रालयले गरेका र राष्ट्रिय योजना आयोगले सिफारिस गरेका ठूला राम्रा योजना मात्र ल्याउने सरकारको तयारी रहेको भन्दै यो पटक धेरै योजना पार्न नसक्ने स्पष्ट पारे । पोखराको सौन्दर्यता समृद्धि र विकासका लागि खेलकुदका पूर्वाधार बनाउने काम बाँकी भएको बताएका उनले भण्डारढिक खेल मैदानलाई विस्तार गर्दै अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गर्नको लागि योजना आयोगसँग छलफल गर्ने बताए । रङ्गशालाका लागि यसपटक बजेटको प्रबन्ध गर्ने कुरामा प्रयत्न गर्ने उनको प्रतिवद्धता थियो।"भण्डारढिकको यो खेल मैदानको स्तरोन्नतिको लागि अन्तराष्ट्रिय मापदण्डको रङ्गशाला बनाउने हाम्रो सोच हो, हामीले पहिलेदेखि त्यो योजना बनाइराखेका हो"। प्रवक्ता गुरुङले भने "त्यो कामलाई पुरा गर्नको लागि यसपालिको बजेटको प्रबन्ध गर्ने कुरामा लागिरहने कुरा यहाँहरूलाई निवेदन गर्न चाहन्छु ।" काँग्रेस र एमाले सहितको समीकरणमा वर्तमान सरकार निर्माण नभएको भए नेपाल श्रीलङ्काको जस्तै अर्थतन्त्र फेल भएर मुलुक असफल बन्ने अवस्थामा पुगेर विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोषले जमानी बसेर ऋण दिएर उकास्नुपर्ने परि स्थितिमा पुग्ने स्थिति आउने दावी एमाले उपमहासचिव समेत रहेका गुरुङले गरे। नेपाललाई असफल मुलुक हुनबाट जोगाएका उनको भनाइ छ । यसअगाडिको सरकारले झण्डै १९ हजार योजना हालेर अस्त व्यस्त बनाएको तथा ठेकेदारलाई पैसा भुक्तानी हुन नसकेको अवस्थालाई समेत वर्तमान सरकारले हल गर्न लागेको सुनाए। ठेकेदारको पुरानो भुक्तानी यो वर्ष सकिने उनको दावी छ। वर्तमान सरकार निर्माण भएपछि मुलुकमा सुशासनको प्रारम्भ भएको र काममा ढिलाइ सुस्ति हुने कुराको अन्त्य हुने अवस्था आउन थालेको बताए। सार्वजनिक सेवा प्रवाभकारी बनाउन अध्यादेश ल्याउन लागिरहेको बताएका उनले त्यसपश्चात कर्मचारीलाई जनता प्रति उत्तरदायि बनाउने विश्वास गरे । राष्ट्रिय गौरवका आयोजनालाई समयमानै सम्पन्न गर्ने गरी कार्य गर्न गरेको बताए। राजस्व वृद्धि गरेर विभिन्न कार्य मार्फत जनतामा विश्वास जगाइने उनको भनाइ छ।

सूर्य तारा क्लबका अध्यक्ष तथा खेल महोत्सवका कार्यक्रम संयोजक विष्णु पुनको अध्यक्षतामा भएको समापन समारोहमा एमाले स्थायी कमिटी सदस्य तथा पूर्व मन्त्री भानुभक्त ढकाल, एमाले गण्डकी अध्यक्ष नवराज शर्मा, नेपाल खेलकुद महासङ्घका अध्यक्ष एवं कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव पर्शुराम बस्नेत, पोखरा २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङ लगायतले बोलेको नेपाल खेलकुद महासंघ कास्कीका अध्यक्ष ईश्वर अधिकारीले जानकारी दिए । प्रतियोगिताको मुख्य प्रायोजकमा कर्माचार्य बेक्स एण्ड फुड्स प्रालि र सह प्रायोजकमा बन्दिपुर केबल कार प्रालि रहेका छन् । प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका, गण्डकी प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय खेलकुद परिषद नेपाल, प्रदेश खेलकुद परिषद गण्डकी र नेपाल पर्यटन बोर्ड रहेको जनपरिचालन उपसमिति संयोजक समेत रहेका नेपाल खेलकुद महासङ्घ कास्की अध्यक्ष अधिकारीले बताए । सूर्य तारा क्लब र नेपाल खेलकुद महासङ्घको संयुक्त आयोजनामा पोखरा २९ स्थित प्रस्तावित लेखनाथ रङ्गशालामा यो खेल महोत्सव आयोजना भएको हो।

# वक्तृत्वकला प्रतियोगितामा गोगन मा.वि.की सुजाता प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

विश्व हिन्दु महासंघ जिल्ला कार्य समिति कास्कीको आयोजनामा सञ्चालित 'सनातन हिन्दु धर्म संस्कार र संस्कृतिमा गीताको महत्व' विषयक वक्तृत्वकला प्रतियोगितामा गोगन माध्यमिक विद्यालयकी छात्रा सुजाता पौडेल प्रथम बन्नुभएको छ।

प्रतियोगितामा रिलायन्स पब्लिक स्कुलकी छात्रा दिप शिखा क्षेत्री द्वितीय बन्नुभएको छ भने नेशनल क्रियसन एकेडेमीका श्रीदेश थापाले तृतीय स्थान प्राप्त गर्नुभएको छ। त्यस्तै महर्षि गुरुकुल वेद विद्याश्रमका कुशुम बराल र सोही विद्याश्रमका सन्देश पौडेलले सान्त्वना स्थान हासिल गर्नुभयो । प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीहरूलाई क्रमशः नगद १० हजार, सात हजार, पाँच हजार र एक/एक हजार रुपैयाँ नगद, प्रमापत्र सहित केदारेश्वर महादेव मणि, वैदामका पीठाधिश चिद्धन चैतन्य, विश्व हिन्दु महासंघ कास्कीका अध्यक्ष जगन्नाथ कोइराला, निर्णायक समितिका संयोजक सह प्रा.डा. भोलानारायण रेग्मी लगायतले सूर्य-प्रेम पुरस्कारबाट पुरस्कृत



गर्नुभएको थियो । कार्यक्रममा केदारेश्वर महादेव मणि, वैदामका पीठाधिश चिद्धन चैतन्यले हाम्रा संस्कार र संस्कृतिको जगेर्ना गर्नु आवश्यक भएको बताउँदै गीता आँफैमा महान ग्रन्थ भएको धारणा राख्नुभयो। विश्व हिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष पार्वता पौडेलले आजको पुस्तालाई संस्कारी बनाउनु आवश्यक भएको उल्लेख गर्दै सनातन हिन्दु संस्कार र संस्कृतिमा गीताको विशिष्ट महत्व रहेको बताउनुभयो। विश्व हिन्दु महासंघ कास्कीका अध्यक्ष जगन्नाथ कोइरालाले संस्कार र संस्कृतिको जगेर्नाकै लागि युवा विद्यार्थीलाई लक्षित गरी वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । पहिलो चरणमा निर्वाचन क्षेत्र स्तरीय वक्तृत्वकला प्रतियोगिताका विजयी विद्यार्थीलाई मात्रै यस चरणको प्रतियोगितामा समावेश गराइएको उहाँले जानकारी दिनुभयो । निर्णयक समितिका संयोजक सह प्राध्यापक डा. भोलानारायण रेग्मीले संस्कार नभएको शिक्षा अपाङ्ग हुने बताउँदै नैतिक शिक्षा अहिलेको आवश्यकता भएकोमा जोड दिनुभयो। हिन्दु धर्मले सबैको कल्याणको कामना गर्ने उल्लेख गर्दै उहाँले यो धर्म नै सनातन धर्म भएको धारणा राख्नुभयो। विश्व हिन्दु महासंघ कास्कीका अध्यक्ष जगन्नाथ कोइरालाको सभापतित्व एवम् महासचिव भुपेन्द्र गिरीले सञ्चालन गर्नुभएको कार्यक्रममा निर्णयक समितिका सदस्यद्वय उप प्राध्यापक हरिश्चन्द्र भण्डारी र उप प्राध्यापक गणेश शर्मा सुवेदी लगायतले सनातन हिन्दु धर्म संस्कार र संस्कृतिमा गीताको ठूलो महत्व रहेको उल्लेख गर्नुभएको थियो।

## गण्डकी ...

प्रतिक्रियात्मक प्रस्तुति राख्नुभएको थियो। कार्यक्रमको पाँचौं चरणमा गीतल प्रतिष्ठान नेपाल तथा नाटकमञ्च तनहुँद्वारा 'मर्यादा' नामक नाटक मञ्चन गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानका गद्य विभाग प्रमुख अमर न्यौपानेले प्रतिष्ठान नलेखिएका कथाहरू खोज्दै विभिन्न प्रदेश तथा जिल्लामा पुगेको बताउनुभयो । नलेखिएका कथाहरू बाहिर ल्याउनु प्रतिष्ठानको दायित्व भएको उहाँको भनाइ थियो।

न्यौपानेले नेपाली साहित्य तथा लोपोन्मुख भाषा संरक्षणका लागि नेपाल प्रज्ञा प्रतिष्ठान जिल्ला एवं स्थानीय तहमा गठन भएका प्रतिष्ठान तथा विभिन्न साहित्यिक सङ्घ संस्थाहरूसँग सहकार्य गर्दै अगाडि बढ्दै आएको उल्लेख गर्नुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पर्यटकको प्रवेशद्वार

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएको दुई वर्षपछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान हुने भएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएपछि चार्टर उडान भएपनि व्यावसायिक उडान हुन सकेको थिएन । चीनबाट ड्रागनबोट प्रतियोगिता र क्रस क्रन्टी रेस प्रतियोगिताका खेलाडी लिएर सिचुआन एयरलाइन्सको विमानले चार्टर उडान गरेको थियो । नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना ७० वर्ष पुगेको अवसरमा चैत ५ गते चीनको छेन्दुबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित व्यावसायिक चार्टर उडान हुने भएको छ ।

सिचुआन प्रान्तको सहयोगमा सिचुआन एयरलाइन्सले मंगलबारदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो पटक नियमित व्यावसायिक चार्टर उडान गर्ने जानकारी पर्यटन बोर्डले दिएको छ । चीनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई मध्य रपश्चिम नेपालको केन्द्रको रुपमा विकास गर्ने भएको छ। चीनको ऋण सहयोगमा बनेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनका लागि प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको बेला भएको संयुक्त विज्ञप्तिमा उल्लेख भएको हुँदा चीनले व्यावसायिक उडान शुरु गरेको छ । सात हप्ता सम्मको लागि यात्रको बुकिङ गरेको छापोखराबाट जानेको तीन उडान निश्चित भएको छ।

व्यावसायिक उडानले नेपाल र चीनबीचको हवाई सम्पर्कलाई अझ प्रभावकारी बनाउँदै पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदान-प्रदान, र व्यावसायिक सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने नेपाल पर्यटन बोर्डको विश्वास लिएको छ । चिनियाँ दुताबासले पनि नेपालका पर्यटकीय क्षेत्रको प्रबर्द्धन गर्न पर्यटन व्यवसायीलाई आग्रह गरेको छ। पोखरा-छेन्दु उडानले मध्य र पश्चिम नेपालका यात्रुहरूका लागि कम खर्चमा सहज पहुँचका साथै चिनियाँ पर्यटकहरूलाई सुन्दर सहर पोखराको अवलोकनको अवसर प्रदान गर्ने पर्यटन बोर्डले विश्वास लिएको छ । नयाँ हवाई सम्पर्कले चीन सरकारले घोषणा गरेको 'भिजिट नेपाल २०२५' र नेपाल सरकारले घोषणा गरेको 'पोखरा पर्यटन वर्ष' अभियानलाई टेवा पुर्‍याउँदै नेपालमा अन्तर्राष्ट्रिय पर्यटकहरूको आगमन वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

हवाइ उडानबाट दुई देशका शहरहरू जोडिँदा आपसी मित्रता र सहकार्य थप बलियो हुने भन्दै चीनले अधिकतम लाभ लिन सुझाएको छ। छेन्दुबाट पोखरामा आउने सिचुवान एयरलाइन्समार्फत मंगलबार हुने व्यावसायिक चार्टर उडानमा नेपाली प्रतिनिधिमण्डल 'पोखरा-छेन्दु फ्लाइट प्रमोसन एण्ड चाइना (सिचुआन) सेल्स मिसन २०२५' का लागि जाने भएका छन । नेपाली प्रतिनिधिमण्डलको टोलीले छेन्दु, लुझाउ, लेसानलगायतका चिनियाँ शहरमा हुने विभिन्न सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिमण्डलसँग व्यावसायिक बैठकमा सहभागिता जनाउने पोखरा पर्यटन परिषद्ले जनाएको छ । पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यको नेतृत्वमा पोखराका पर्यटन व्यवसायी सहभागी हुनेछन् ।

नेपाललाई प्रमुख पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्नुका साथै दुवै देशका पर्यटन क्षेत्रमा सहकार्यलाई सुदृढ बनाउन यस्ता भ्रमणले सकारात्मक भूमिका खेल्ने पर्यटन बोर्डले विश्वास लिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा योजना नबनाएकोमा असन्तुष्टि थियो । चीनले नै अग्रसरता लिएको हुँदा अब नेपाल सरकार, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले व्यावसायिक वातावरण बनाउनुपर्छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीन र भारतका शहरबाट व्यावसायिक उडान हुने वातावरण बनाउन कुनै कसर बाँकी राख्नु हुँदैन । पर्यटन बोर्डले यस ऐतिहासिक पहललाई सफल बनाउन सहयोग गर्ने सिचुआन एयरलाइन्स, सिचुआन प्रान्तीय सरकार, पोखरा पर्यटन परिषद् र सबै सरोकारवालाप्रति आभार व्यक्त गरेको छ। नयाँ हवाई सम्पर्कले सांस्कृतिक आदान-प्रदानलाई अझ सघन बनाउनुका साथै नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न थप सहयोग हुने अपेक्षा गरिएको छायो पोखराको मात्र होइन पश्चिम नेपालको पर्यटनको लागि प्रवेश द्वार हो भन्ने सन्देश दिनु आवश्यक छ।

# गाउँमै विशेषज्ञ सेवा: चार सय जना लाभान्वित

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ चैत

कालिमाटीमा आयोजना गरिएको एकदिने स्वास्थ्य शिविरबाट चार सय १० जना नागरिक लाभान्वित भएका छन् ।

रोटरी क्लब अफ बागलुङ र रोटरी क्लब अफ मिट टाउन पोखराको आयोजनामा बागलुङ नगरपालिका-७ कालिमाटीमा आयोजित शिविरबाट नागरिकले विशेषज्ञ सेवा लिएको रोटरी क्लब अफ बागलुङका अध्यक्ष रामकृष्ण शर्माले जानकारी दिनुभयो । शिविरको शुभारम्भ वडाध्यक्ष मेघराज गैरेले गर्नुभएको थियो । उहाँले गाउँमै विशेषज्ञ सेवा प्रदानका लागि रोटरी क्लबले गरेको योगदानको चर्चा गर्नुभयो । अध्यक्ष शर्माले शिविरमा स्त्रीरोग, हाडजोर्नी तथा नसारोग, मिर्गौला तथा मूत्ररोग, आँखा, नाक, कान तथा घाँटीरोग, पेट, मुटु तथा छातीरोग र प्रयोगशाला सेवा प्रदान गरिएको जानकारी दिनुभयो । उहाँले गाउँमै विशेषज्ञ सेवा प्रदान गर्दा नागरिकलाई रोगको पहिचान, उपचार तथा खर्च र समय बचत भएको बताउनुभयो। शिविरमा स्त्रीरोग विशेषज्ञ डा चण्डिका न्यौपाने, वरिष्ठ सर्जन डा भोजराज न्यौपाने, र हाडजोर्नी तथा नसारोग विशेषज्ञ डा पविन थापालगायत स्वास्थ्यकर्मीले सेवा दिनुभएको रोटरी क्लब आफ मिट टाउन पोखराका अध्यक्ष सूर्यनारायण बराललेजानकारी दिनुभयो।

# संस्कृत युवा मञ्च नेपालद्वारा भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

संस्कृत युवा मञ्च नेपालद्वारा प्रकाशित वि. सं २०८२ सालको भित्तेपात्रो विमोचन कार्यक्रम सम्पन्न। संस्कृत युवा मञ्च नेपालद्वारा प्रकाशित वि.सं २०८२ सालको गण्डकी भित्ते-पात्रो विमोचन, शुभकामना आदानप्रदान तथा सेतीगण्डकी दिव्य महाआरती एक कार्यक्रमका बिच सम्पन्न भएको छ।

पोखरा ९ शान्तिघाट, आरती भवनमा भएको उक्त कार्यक्रमा पोखरा महानगरपालीका वडा नं ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यमा सम्पन्न भयो।

प्रमुख अतिथिको मन्तव्य राख्दै मर्सानीले संकृत युवा मञ्च नेपालले सामाजिक काममा लागेर गरेको कार्यको प्रशंसा गर्दै पञ्चाङ्ग सहितको यस्तो गुणस्तरीय भित्ते -पात्रो प्रकाशनमा ल्याउनु असाध्यै राम्रो काम भएको बताउनु भयो। उहाँले सेती गण्डकीको साप्ताहिक सन्ध्याकालिन महाआरती गरी अझै राम्रो काम गरेको भन्दै यस्ता सामाजिक तथा धार्मिक कार्यहरूमा आफूले सक्दो सहयोग तथा साथ दिने भन्दै प्रतिबद्धता समेत व्यक्त गर्नु भयो। संस्थाका अध्यक्ष विस्वराज सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका सचिव डिल्लिराम पौडेल (दिवाकर) ले कार्यक्रम संचालन तथा संस्थाका उपाध्यक्ष महेन्द्र पौडेलले स्वागत मन्तव्य रख्नुभएको थियो। कार्यक्रममा संस्थाका सल्लाहकार तथा विन्दुवासीनि संस्कृत विद्यापीठ पोखराका सह-प्रध्यापक डा. भोलानारायण रेग्मीले धर्म ,संस्कार, संस्कृति र संस्कृतको संरक्षणका निम्ति युवा मञ्चले खेलेको भूमिका प्रति खुसी व्यक्त गर्दै थप कार्यका लागि प्रोत्साहन समेत गर्नुभयो ।

कार्यक्रममा वडा नं ९ का वडा सदस्य नन्दराम गिरी, भित्तेपात्रो प्रकाशन उप समितिका संयोजक लक्ष्मण पौडेल लगायतले आ-आफ्नो मन्तव्य राख्दै शुभकामना प्रदान गर्नुभएको थियो भने गुरुहरू विकाश पौडेल, अरविन्द चापागाईं र आनन्द गौतमले गण्डकीको सन्ध्याकालिन आरती गर्नु भएको कुरा संस्थाका कोषाध्यक्ष भवानी शंकर शर्माले जानकारी गराउनुभयो।

# 'मिसन २०२६' खेलकुद अभियान

**रासस**
काठमाडौं, ३ चैत

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले एशियाली खेलकुदमा स्वर्णसहित दोहोरो पदकका लागि सुरु गरिएको 'मिसन-२०२६' खेलकुदको महत्वपूर्ण अभियान भएको बताउनुभएको छ।

'मिसन-२०२६' को समिक्षा बैठकमा सदस्य सचिव घिसिङले एशियाली खेलकुदमा पदक ल्याउने प्रयास देशकै अभियान भएको उल्लेख गर्नुभयो । राष्ट्रिय खेलकुद परिषद्ले सन् २०२६ मा जापनमा आयोजना हुने २०औँ एशियाली खेलकुदमा स्वर्णसहित दोहोरो पदकका लागि सञ्चालन गरेको विशेष प्रशिक्षणको समिक्षा कार्यक्रममा समस्या समाधानका लागि सामूहिक प्रयास आवश्यक हुने बताउनुभयो।

# भुमेथानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पूर्वाधार निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
पर्वत, ३ चैत

धार्मिक एवं पर्यटकीय महत्वको भुमेथानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पर्वतको जलजला गाउँपालिका-७ धाइरिङस्थित रु चार करोडका पूर्वाधार निर्माण गर्न थालिएको छ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङले सङ्घीय सरकारको रु चार करोड बजेटमा बहुवर्षीय ठेक्का लगाएर विभिन्न संरचना निर्माण गर्न थालेको जनाएको छ । भुमेथान, शिवालय क्षेत्र पूर्वाधार निर्माण योजनामार्फत पर्यटकीय संरचना निर्माण गर्न लागेको कार्यालयका इन्जिनियर गोपीचन्द्र आचार्यले जानकारी दिनुभयो । योजनाअन्तर्गत भुमेथान परिसरमा ग्याबियन तथा मेसिनरी पर्खाल निर्माण, ढुङ्गा बिच्छ्याउने, शौचालय निर्माण र भुमेथानबाट बराह शिवालय मन्दिर जानका लागि पदमार्ग निर्माण गरिने छ । पाँच सय मिटर लामो उक्त पदमार्गको चौडाइ तीन मिटर हुनेछ। यसैगरी शिवालय क्षेत्रमा टेवा पर्खाल निर्माण गर्ने योजना रहेको इन्जिनियर आचार्यले जानकारी दिनुभयो । अठार महिनामा निर्माण सम्पन्न गर्ने कार्यालयको लक्ष्य रहेको उहाँले बताउनुभयो।

गौशाला, देवालय शिवालय र भुमेथान क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माण थालिएको जलजला गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो । गाउँपालिकाको मुख्य धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्ने उद्देश्यले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ।

धाइरिङ भुमेथानस्थित भुमेठाकुरको दर्शन, पूजाआजा र भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने धार्मिक जनविश्वासले बर्सेनि करिब रु ५० हजारभन्दा बढी भक्तजन यहाँ आउने उहाँले बताउनुभयो । अध्यक्ष आचार्यले भन्नुभयो, "यस क्षेत्रका धार्मिकस्थलमा पूर्वाधार निर्माण गरी गौशाला, देवालय, शिवालय, भुमेथान, कालाञ्जर पर्वत र जलजला क्षेत्रलाई जोडेर धार्मिक सर्किटका रूपमा विकास गर्ने पालिकाको योजना छ ।" सङ्घ, प्रदेश र स्थानीय तहको लगानीमा अहिले कालाञ्जर, जलजला र गौशाला क्षेत्रमा पनि करिब रु आठ करोडभन्दा बढी लगानीमा पूर्वाधार निर्माण सुरु गरिएको उहाँले बताउनुभयो । प्रसिद्ध धार्मिकस्थल भुमेथानलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्ने उद्देश्यले रु ११ करोड लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर पहिलो चरणमा सङ्घीय सरकारले रु चार करोड बजेट स्वीकृत गरी योजना अघि बढेको जलजला गाउँपालिका-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यले बताउनुभयो।

भुमेथान क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण भएपछि धार्मिक पर्यटक आगमनमा थप वृद्धि हुने अपेक्षा गरिएको वडाध्यक्ष आचार्यले बताउनुभयो। भुमेथानको दर्शन गर्नका लागि पर्वत, बागलुङ, म्याग्दी, कास्कीलगायत जिल्लाका साथै यस क्षेत्रबाट बसाइँसराइ गरेर बाहिर गएकाहरूको उल्लेख्य सहभागिता रहने गर्छ । यहाँ हरेक मङ्गलबार र शनिबार पूजाआजा गरिँदै आएको छ।


## गण्डकी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## प्रादेशिक स्वास्थ्य निर्देशनालय
## पोखरा, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/१२/०४

प्रस्तुत विषयमा यस निर्देशनालयबाट मिति २०८१/११/२३ गते राजधानी दैनिक पत्रिका मार्फत प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये बोलपत्र मूल्याङ्कन समिति मार्फत न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही तपशिल वमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट र सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| सूचना नं. | बोलपत्र सूचना प्रकाशित मिति | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कवोल गरेको रकम (मु.अ.क.समेत) |
|---|---|---|---|---|
| HD/NICU/ 2081/02/02 | २०८१/११/२३ | NICU मा भर्ना भएका शिशुका आमाहरु (सुत्केरी) का लागि पोषिलो खाना खुवाउने कार्य | सुनिल क्यान्टिन तथा खुद्रा पसल काठमाडौं | २८,८४,२००।०० |



## श्री सैनिक आवासीय महाविद्यालय
## पोखरा

### विधुतीय सिलबन्दी दरभाउपत्र (e–GP) आव्हानको सूचना

**सूचना नं.** NAWF/SAMV/NC/PKR/2081/82/52
(प्रथम पटक प्रकाशित मिति २०८१/११/१३ गते)

१. चालु आ.व. २०८१/०८२ मा यस सैनिक आवासीय महाविद्यालयमा विभिन्न भवनहरु मरामत, कार्पेन्टरी कार्य र प्लम्बिङ्ग तथा ईलेक्ट्रिक सामानहरु खरिद गर्नको लागि विद्युतीय सिलबन्दी दरभाउपत्र (e–GP System) आव्हान गरिएको हुदाँ नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनी/सप्लार्यसहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट https://www.bolpatra.gov.np/egp हेर्नु हुन पुनः यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | कामको विवरण | लागत अनुमान (मु.अ.कर सहित) | दरभाउपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | दरभाउपत्र जमानत ने.रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न भवनहरु मरामत, कार्पेन्टरी कार्य र प्लम्बिङ्ग तथा ईलेक्ट्रिक सामानहरु खरिद | ११,५०,६२२।०८ | १,०००।०० | २८,०००।०० | २०८१/१२/१० गतेको १२:०० बजे | २०८१/१२/१० गतेको १३:०० बजे |

२. साथै, थप जानकारीको लागि फोन नं. ०६१-५७७७४५ तथा ईमेलः armyschool-pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्न सकिने र बोलपत्र www.bolpatra.gov.np/egp सिस्टम मार्फत विड गर्नुपर्ने छ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# नेपाली सेनाको स्वास्थ्य शिविरबाट ५२५ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
गोरखा, ३ चैत




गोरखाको सहिद लखन गाउँपालिका-६, स्थित घैरूङ स्वास्थ्य चौकीमा सञ्चालन भएको दुई दिने बृहत् स्वास्थ्य शिविरमा पाँच सय २५ जनाले निःशुल्क स्वास्थ्य उपचार सेवा लिएका छन् ।

नेपाली सेना रिपुमर्दन गण र सहिद लखन गाउँपालिकाको संयुक्त आयोजनामा भएको शिविरमा स्त्रीरोग, हाडजोर्नी, छालासम्बन्धी रोग, पाठेघरको मुखको क्यान्सर परीक्षणलगायत उपचार सेवा प्रदान गरिएको गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख वीरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । शिविरमा तीन सय ५८ जना महिला र एक सय ६७ जना पुरूषले स्वास्थ्य जाँच गराएको उहाँको भनाइ छ । उपचार सेवा लिएकामध्ये ४१ जना महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रोगको पूर्व पहिचानका लागि पाठेघरको क्यान्सर स्क्रिनिङ (भिआइए) परीक्षण गराइएको थियो । भिआइए परीक्षण गराइएकामध्ये चार जनामा भने क्यान्सरको जोखिम भएको पाइएको प्रमुख श्रेष्ठको भनाइ छ । उनीहरूलाई पहिलो चरणमा थर्मोक्रोवुलेसन (सेकाइ) विधिबाट उपचार थालिएको र फलोअपको लागि व्यवस्था मिलाइएको छ । त्यस्तै शिविरमार्फत एक सय ४९ जनाले हाडजोर्नीसम्बन्धी उपचार सेवा लिए भने दुई सय ५४ जनाले अन्य विभिन्न रोगको जाँच गराएको उहाँले बताउनुभयो । शिविरमा १० जनाले दन्त उपचार, ९० जनाले स्त्रीरोगसम्बन्धी उपचार, २२ जनाले छाला रोगसम्बन्धी उपचार र ७३ जनाले प्रयोशालासेवा लिएका छन् । उपचार सेवा लिएका बिरामीलाई आवश्यक औषधिसमेत निःशुल्क उपलब्ध गराइएको प्रमुख श्रेष्ठले बताउनुभयो।"शिविरमा हाडजोर्नी, स्त्रीरोग, चर्मरोग, जनरल ओपिडी परीक्षणदेखि लिएर निःशुल्क प्रयोगशाला सेवा प्रदान गरिएको हो, उहाँले भन्नुभयो, "गाउँमा विशेषज्ञ चिकित्सकबाट निःशुल्क सेवा पाएपछि बिरामी खुसी भएका छन् ।" सो क्रममा करिब रू तीन लाखभन्दा बढीको औषधि बिरामीलाई वितरण गरिएको छ । लायन्स क्लब अफ गोरखाकाली, प्रभु र सानिमा बैंकको सहयोगमा शुक्रबार र शनिबार शिविर सञ्चालन गरिएको हो ।

# कास्की र पर्वत जोड्ने मोटरेबल पुल नौ वर्षसम्म अधुरै

**पोखरापत्र संवाददाता**
पर्वत, ३ चैत

कास्की र पर्वत जोड्ने भुरुङ्दीखोलामा निर्माणाधीन मोटरेबल पुल नौ वर्षसम्म पनि अधुरै रहेको छ । सम्झौताको दुई वर्षमा सक्ने लक्ष्यसहित २०७१ मङ्सिरदेखि निर्माण थालिएको उक्त पुल ठेकेदारको लापारवाहीका कारण बन्न नसकेको हो ।

पर्वतको मोदी गाउँपालिका-१ भुकताङ्ले र कास्कीको अन्नपूर्ण गाउँपालिका-८ रामदुवाली जोड्ने यो पुलको काम १० प्रतिशत पनि भएको छैन । खोलाको एकातिर पुलको केही संरचना तयार भए पनि अन्य काम हुन सकेको छैन । रु ६ करोड १३ लाखको लागतमा पुल निर्माण गर्ने सम्झौता भएको थियो । अहिलेसम्म रु एक करोड ५० लाख कार्यालयबाट भुक्तानी गरिएको छ । उक्त पुल २९ महिनामा सम्पन्न गर्नेगरी सञ्जीवनी निर्माण कम्पनीले जिम्मा लिएको हो ।

सडक डिभिजन कार्यालय बागलुङले २०७२ सालमा ठेक्का सम्झौता गरेको उक्त आयोजनाको अहिले सडक डिभिजन कार्यालय पोखराले जिम्मेवारी लिएको छ । निर्माण कार्य थाल्न जनप्रतिनिधिले पटकपटक दबाब दिँदै आएका छन् । तर पुल निर्माणले गति लिएको छैन । "धेरै पटक हामीले पुलका बारेमा सरकारी निकायमा कुरा राखेपछि सडक डिभिजन कार्यालयले बल्ल काम सुरु गरेको छ, तैपनि सम्पन्न हुने/नहुनेमा आशङ्का छ । ढिलोगरी काम सुरु भएको छ", स्थानीय राजेन्द्र खड्काले भन्नुभयो । सडक डिभिजन कार्यालय पोखराले पुनः असार मसान्तसम्मको म्याद थप गरेर निर्माण व्यावसायीलाई निर्माणस्थलमा खटाएको छ । अहिले पुल निर्माणको काम धमाधम भइरहेको कार्यालयका सूचना अधिकारी इन्जिनियर ध्रुव पोखरेलले जानकारी दिनुभयो । अब निर्धारित समयमै सम्पन्न गर्न कार्यालयले निर्माण व्यावसायीलाई निर्देशनसमेत दिएको छ । स्थानीय तहको गठनअघि नै निर्माण सुरु भएको पक्की पुलको निर्माण अहिलेसम्म सम्पन्न नहुँदा स्थानीयवासी हैरानी व्यहोर्न बाध्य भएको मोदी गाउँपालिकाका अध्यक्ष हीरादेवी शर्माले बताउनुभयो । स्थानीय तह, सङ्घीय सांसद र सम्बन्धित कार्यालयको निर्देशनलाई निर्माण व्यवसायीले पटकपटक अटेर गरेकाले यस्तो समस्या भएको उहाँको भनाइ छ ।

यसैबीच निर्माणकार्य सुरु भएको उक्त आयोजनाको राष्ट्रियसभाका पूर्वअध्यक्ष गणेश तिमिल्सिना र प्रदेशसभा सदस्य भक्त कुँवरले स्थगलत अनुगमन गर्नुभएको छ ।

# घरपझोङ रिङ्रोड सडकमा कमसल कालोपत्र

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३ चैत

मुस्ताङको घरपझोङ गाउँपालिकाका-५ वाटै वडा जोड्ने रिङ्रोड सडक कालोपत्रमा निर्माण व्यवसायीले बदमासी गरेको पाइएको छ। घरपझोङ रिङ्रोड सडकअन्तर्गत जोमसोम-ठिनी सडक कालोपत्र गर्दा सम्बन्धित निर्माण कम्पनीले बदमासी गरेको गुनासो बढेपछि घरपझोङ-५ को वडा कार्यालयले पूर्वाधार विकास कार्यालयलाई स्पष्टीकरण मागेको छ।

गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय मुस्ताङले जोमसोम, ठिनी, ढुम्बाताल, सम्ले, छैरो र चिमाङलगायत आधा दर्जन गाउँ जोड्ने 'एक निर्वाचन क्षेत्र, एक सडक' योजनाअन्तर्गत घरपझोङ रिङ्रोड सडक २०७६ साल कात्तिक २१ गते बन्दना भगवती जेभिसँग रू २१ करोड ४३ लाखको लागतमा ठेक्का सम्झौता गरेको थियो। रिङ्रोड सडकअन्तर्गत १० किमी सडकमध्ये नयाँ ट्र्याक खोल्ने र जोमसोमदेखि ढुम्बासम्म ५ दशमलव ५ किमी दूरीमा कालोपत्र गर्ने योजना परेको थियो। सडकको नाली निर्माणसहित आठ मिटर चौडा सडकमा जोमसोम-ठिनी-ढुम्बासम्म पाँच किमी दूरीमा प्रिमिक्स कालोपत्र गरिने योजना थियो। सम्झौता अवधि २०७७ साल माघ महिनासम्म तोकिएको घरपझोङ रिङ्रोड सडकको पाँच पटकभन्दा धेरै म्याद थप भइसकेको छ। जीर्ण आयोजनाको सूचीमा परेको घरपझोङ रिङ्रोड सडकमा निर्माणमा निर्माण कम्पनीले चरम ढिलासुस्ती देखाएका कारण हालसम्म पनि रिङ्रोड सडक सम्पन्न विलम्ब भइरहेको छ । निर्माण कम्पनीलाई पूर्वाधार विकास कार्यालयको पटक/पटकको ताकेतापछि जसोतसो घरपझोङ रिङ्रोड सडकअन्तर्गत जोमसोम-ठिनी सडकको ३ किमी दूरीमा गत मङ्सिरमा कालोपत्र गरिएको थियो। अहिले जोमसोम-ठिनी जाने सडकको कालोपत्र कमसल र उप्किएको भन्दै त्यस क्षेत्रका स्थानीयले असन्तुष्टि जनाइरहेका छन् । स्थानीयले अख्तियारी प्राप्त निकायले प्राविधिक अनुमगन नगरेकाले कालोपत्र सडक कमसल हुँदा उप्किन पुगेको भन्दै स्थानीय सरोकारवालाले गुनासो गर्न थालेका हुन् । घरपझोङ रिङ्रोड सडकअन्तर्गत गत मङ्सिरमा तीन किमी दूरी कालोपत्र गरेर चिसो बढेको भन्दै निर्माण कम्पनीले सडक स्तरोन्नतिकार्य स्थगित गरेको थियो। निर्माण कम्पनीले काम स्थगित गरेको तीन महिना बितिसक्दा समेत अहिले पनि रिङरोड सडक निर्माणको काम सुरू हुनसकेको छैन । रिङ्रोड सडकअन्तर्गत जोमसोम-ठिनी सडकमा गरिएको कालोपत्रसम्बन्धिमा जनगुनासो बढेसँगै घरपझोङ-५ ठिनीको वडा कार्यालयले गत २१ मङ्सिरमा पूर्वाधार विकास कार्यालय मुस्ताङसँग स्पष्टीकरण माग गरेको हो । त्यहाँका वडाध्यक्ष प्रदीप थकालीले हस्ताक्षर गर्नुभएको पत्रमा जोमसोम-ठिनी सडकको कालोपत्र गुणस्तरहिन र अत्यन्तै कमजोर भएको उल्लेख गरिएको छ । पत्रमा यस कालोपत्र सडकको गुणस्तरलाई लिएर स्थानीयवासी व्यापक असन्तुष्टि रहेकाले सो सडकको कालोपत्र गुणस्तरका सम्बन्धमा यतार्थ जानकारी गराउन र सडकलाई कसरी गुणस्तर कायम गर्न सकिन्छ ? भन्ने सम्बन्धमा स्पष्ट जवाफ पेस गर्न समेत वडा कार्यायले ध्यानार्कषण गराएको पत्रमा उल्लेख गरिएको छ।

# चन्दा सङ्कलन गरेर पदमार्गको नक्शा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ चैत

समुदायस्तरबाट चन्दा सङ्कलन गरेर म्याग्दीको मौरिस हर्गोज र अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गको नक्शा तयार पारिएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधारशिविर जोड्ने मौरिस हर्गोज, पर्वतको जलजला र म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका पर्यटकीय स्थलहरू समेटिएको अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गको नक्शा बनाएका हुन् । सरकारी निकायको आर्थिक सहयोगबिनै पर्यटनकर्मी चित्र तिलिजा पुन र लुकेश तिलिजा पुनले दुई वटै पदमार्गको पछिल्लो अवस्था समेटेर तयार पार्नुभएको नक्शा शनिबार बेनीमा सार्वजनिक गरिएको छ । संविधानसभा सदस्य गोविन्द पौडेल, प्रतिनिधिसभाका पूर्व सदस्य भूपेन्द्रबहादुर थापा, नेकपा (एमाले) म्याग्दीका अध्यक्ष बालकृष्ण सुवेदी, अन्नपूर्ण गाउँपालिका अध्यक्ष भारतकुमार पुन, नेपाली कांग्रेस अन्नपूर्ण गाउँपालिका सभापति कृष्णप्रसाद बरूवाल, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) धान्द्रुकका प्रमुख भीम उपाध्याय र म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले नक्शा सार्वजनिक गर्नुभयो ।

"पुरानो नक्शामा अहिले थपिएका पूर्वाधार र सुविधाको जानकारी नहुँदा नयाँ नक्शा बनाउनुपर्ने आवाज उठेपछि समुदायस्तरबाट उठाएको रू छ लाख खर्चेर दुई वटा पदमार्गमा पर्ने सबै स्थानमा पुगेर नयाँ नक्शा तयार पारेका हौं," चित्र तिलिजाले भन्नुभयो, "होटल सुविधा र गन्तव्यको विशेषता सहितका जानकारी समेटिएको नयाँ नक्शा बजारमा पठाइसकेका छौं । पर्यटन व्यवसायी, पथप्रदर्शक र पर्यटकलाई सहज हुनेछ ।"

सरकारी निकायको झञ्जटिलो प्रक्रिया पूरा गर्नुभन्दा समुदायको सहयोग जुटाएर नक्शा बनाएर राज्यलाई सहयोग गरिएको नक्शा निर्माणकर्ता तिलिजाद्वयले बताउनुभयो । नक्शा तयार पार्न यहाँका होटल व्यवसायी र विदेशमा रहेका म्याग्देलीले सहयोग गरेका छन् । यसअघि तयार पारिएको नक्शा पूर्ण नभएकाले यसपाली सबै समेटेर नक्शा बनाइएको मौरिस हर्जोग पदमार्गका अभियन्ता तेज गुरूङले बताउनुभयो । ७५ वर्षअघि फ्रान्सेली आरोही मौरिस हर्जोगले अन्नपूर्ण प्रथम हिमाल चढ्ने क्रममा हिँडेको पदमार्गलाई मौरिस हर्जोग नामकरण गरिएको छ। नारच्याङदेखि अन्नपूर्ण हिमालको आधारशिविर जोड्ने यो पदमार्ग तीनदेखि पाँच दिनमा यात्रा गर्न सकिन्छ। पर्वतको जलजला गाउँपालिकाको मल्लाज, बाँसखर्क, डाँडाकटेरी, म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको नागी, मोहरेडाँडा, खोपारा र खयर बराह ताल समेटिएको अन्नपूर्ण-धौलागिरी सामुदायिक पदमार्ग एक हप्तादेखि १० दिनसम्म यात्रा गर्न सकिन्छ ।

# मर्स्याङ्दी जलविद्युत् केन्द्रको उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ चैत

आँबुखैरेनी गाउँपालिका-४ स्थित ६९ मेगावाट क्षमताको मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट क्षमताभन्दा आधामात्र विद्युत् उत्पादन हुन थालेको छ । नदीमा पानीको बहाव कम हुँदा क्षमताभन्दा आधा विद्युत् उत्पादन भएको हो ।

केन्द्रबाट हाल औसतमा ३४ मेगावाट विद्युत् उत्पादन भइरहेको मर्स्याङ्दी जलविद्युत् केन्द्रका सहायक प्रबन्धक मेकानिकल इन्जिनियर शेरमहमद हुसेनले बताउनुभयो । उहाँले भन्नुभयो, "हिउँ पग्लिएको छैन । मर्स्याङ्दीमा पानीको बहाव कम छ । पुसबाट विद्युत् उत्पादन घट्न थालेको छ । हिउँ पग्लिन थालेपछि बहाव बढ्दै जान्छ ।" उक्त परियोजनामा २३-२३ मेगावाटका तीनवटा टर्बाइन रहेका छन् । केन्द्रका अनुसार साँझ र बिहानको 'पिकआवर'मा भने पूर्ण क्षमतामा ६९ मेगावाट नै विद्युत् उत्पादन हुने गरेको छ । "साँझ र बिहान बिजुलीको माग धेरै हुने भएकाले नदीको पानी दिउँसो रिजर्भ ट्याङ्कमा जम्मा गरेर छोड्ने गरिएको छ", सहायक प्रबन्धक हुसेनले बताउनुभयो । मर्स्याङ्दी आयोजना सन् १९८९ मा निर्माण सम्पन्न भएको हो । सो केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुर र काठमाडौँको स्युचाटार स्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडी वितरण हुँदै आएको छ।


## आमाघर पाठशाला

पोखरा-२२, पुम्दीभुम्दी, कास्की

**चमेनागृह संचालनको लागि कोटेशन आव्हान सम्बन्धी सूचना**

*सूचना प्रकाशित मितिः २०८१/१२/०४ गते*

यस आमाघर पाठशाला, पोखरा-२२, पुम्दीभुम्दीको विद्यालय परिसर भित्र रहेको चमेना गृह सञ्चालन गर्नका लागि इच्छुक अनुभवी व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र विहान ११:०० बजेदेखि २:०० बजेसम्म विद्यालयमा स्वयम् उपस्थित भई रु ५००/- (अक्षरेपि पाँच सय मात्र) तिरि सोको नगदी रसिद, नागरिकताको प्रतिलिपि, अनुभवका कागजात तथा निवेदन सहित कोटेशन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारी
१. कोटेशन बुझाउने अन्तिम दिन बिदा परेमा सो पश्चात खुल्ने दिनलाई अन्तिम दिन मानिने छ ।
२. प्राप्त कोटेशन खोल्दा सम्बन्धित व्यक्तिलाई सूचित गरिने छ ।
३. कोटेशन स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहीत रहने छ ।
४. रितपूर्वक नआएका कोटेशनहरु स्वीकृत गरिने छैन ।
५. थप जानकारीका लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ ।

**सर्म्पकः ९८४६४५०४५०**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८१/१२/०४) पोखरापत्र राष्ट्रिय दैनिक**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नुभएको कर्जा सम्झौता बमोजिम बुझाउनको लागी संस्थाबाट पटक पटक मौखिक/लिखित तर-ताकेता गर्दा तथा विभिन्न मितिमा कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण तिर्नेतर्फ पूर्ण वेवास्ता गरी चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुँदा यो लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिन सम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानाकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा जानाकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढावढको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको लागी यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै काणवश तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिनसक्ने र उक्त सम्पत्तीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको व्याक्तिगत विवरण | जमानी बस्नेको विवरण | धितो सुरक्षणमा रहेको सम्पत्तीको विवरण |
|---|---|---|---|---|
| १. | व्यक्तिगत कर्जा | नाम : सिल कुमारी गुरुङ<br>बुबा/पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे/ससुराको नाम : पत्लीमान गुरुङ<br>स्थायी ठेगाना : करापु-०३, लमजुङ<br>हालको ठेगाना : पोखरा-२७, कास्की<br>नागरिकता प्र.प. नं.: २१७६<br>जारी मिति र जिल्ला : २०४५/०१/१७ लमजुङ | नाम : मोहन गुरुङ<br>बुबा/पतिको नाम : पेच बहादुर गुरुङ<br>बाजे/ससुराको नाम : मोतिलाल गुरुङ<br>ठेगाना : पोखरा-२७, कास्की | साविक कास्की जिल्ला अर्घौं-०८, हाल पोखरा २६, कास्की कित्ता नं.३५४५ क्षेत्रफल ०-४-१-१ (१३७.१० व.मि.) को जग्गा। |

**लिलाम डाँक बढाबढ हुने मिति, समय र स्थान :**
मिति : २०८१ चैत ११ गते, सोमबार
समय : दिनको ३:०० बजे।
स्थान : संस्थाको कार्यालाय, पोखरा-०८, सभागृहचोक।

**धितो लेखिदिने तथा व्याक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तान गरी, गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन समेत यसै सूचना मार्फत जानाकारी गराईन्छ। उल्लेखित दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आँफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा पछि मेरो, हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आँफैले सकार गरिलियो भनी कहिँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं.: ०६१-५८०७९६, ५४४७९५**